नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. 330

मितिः- २०७४।०९।२०

*विषयः- वित्तीय सुशासन तथा बेरुजु फछ्र्यौट सम्बन्धी प्रशिक्षण कार्यमा सहभागी हुन पठाइ दिने सम्बन्धमा ।*

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु,
श्री जिल्ला प्राविधिक कार्यालयहरु,
हुम्ला, जुम्ला, कालिकोट, मुगु, जाजरकोट र डोल्पा

प्रस्तुत विषयमा त्यस कार्यालय वा अन्तर्गत योजनाहरुको आ.व. २०७३/७४ सम्मको कायमी बेरुजु कार्ययोजना बनाई बेरुजु फछ्र्यौट सम्बन्धी काम गर्ने सम्बन्धमा यस मन्त्रालयको च.नं. २८० मिति २०७४।०८।२६ को पत्र मार्फत अनुरोध गरिएको तहाँ विदित्तै हुनुपर्दछ । त्यस सम्बन्धमा तयार गरिएको कार्ययोजना तथा बेरुजु अंक तथा बेरुजु फछ्र्यौटको हाल सम्मको अवस्था बारेमा कुनै प्रकारका जानकारी नभएको अवस्था छ । यद्यपि त्यस कार्यालयको अभिलेख सँग मन्त्रालयको अभिलेख भिडान हुन नसकेको अवस्था छ । यस सन्दर्भमा वर्तमान प्ररिप्रेक्ष्यमा वित्तीय सुशासनका लागि अपनाउनुपर्ने कार्यविधि तथा बेरुजु फछ्र्यौटको तरिका बारेमा जिल्ला समन्वय समितिको कार्यालय र प्राविधिक कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरुलाई प्रशिक्षण प्रदान गरिने भएकोले सम्बन्धित कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखहरु बेरुजुको प्रकृति अनुसार (असुल गर्ने बेरुजु, पेश्की बेरुजु र नियमित गर्ने बेरुजु), बेरुजु फछ्र्यौटको अवस्था र बेरुजु फछ्र्यौट गर्न अपनाइएका उपाय सहित तपशिल बमोजिम स्थानमा हुने वित्तीय सुशासन तथा बेरुजु फछ्र्यौट सम्वन्धी प्रशिक्षण कार्यक्रममा निजहरुलाई अनिवार्य रुपमा सहभागी हुन पठाइदिनु हुन अनुरोध छ ।

तपशिलः-
प्रशिक्षण हुने स्थानः- दिनेश कटेज , धनगढी, कैलाली
प्रशिक्षण अवधिः- २०७४।०९।२६, विहान ८ बजे देखि बेलुका ५ बजे सम्म
सम्पर्क व्यक्तिः- श्री शरद कुमार शर्मा - ९८४१२३३०८०

..........................
ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

बोधार्थः-
श्री सूचना तथा विद्युतीय सुशासन शाखा
सिंहदरबार, काठमाण्डौ - Website मा राखिदिनु हुन अनुरोध छ ।